# अत्यावश्यक खाँचोहरूबाहेक घरमै बस्नुहोस्

## कोलोराडो राज्यले कोभिड-१९ को विस्तार रोक्न मद्दत पुगोस् भन्नका खातिर सबैलाई घरमा बस्ने आदेश दिएको छ।

### "घरमै बस्नु" भन्नाले के बुझिन्छ ?

आफ्नै घरमा बस्नुहोस् वा अत्यावश्यक गतिविधिहरूका लागि मात्र घरबाट निस्कनुहोस्। यदि तपाईंलाई अत्यावश्यक कारणले निस्कनुपर्‍यो भने सामाजिक (पारस्परिक) दूरीलाई व्यवहारमा उतार्नुहोस्।

### के म घरबाट बाहिर निस्कन सक्छु ?

सक्नुहुन्छ, खास परिस्थितिहरूमा, जस्तोः

- आधारभूत सामग्रीहरू जस्तै किरानाका सामान, घरपालुवाको खाना वा ग्यास
- औषधी लिन वा चिकित्सा-सेवा पाउन
- नातागोता वा साथीको स्याहार गर्न
- अत्यावश्यक जागिर गर्नका लागि जान
- एकाघरमा बस्ने मानिसबाहेक जबसम्म तपाईं अरूबाट कम्तीमा ६ फिट टाढा बस्नुहुन्छ, तबसम्म शारीरिक सक्रियता वा स्वच्छ हावाका लागि घरबाहिर जान सक्नुहुन्छ।

### के के खुला छन् ?

- किराना दोकानहरू, फूड बैंक (food banks)
- रेष्टुँराबाट आफैंले लिएर आउने, घरमा मगाउने वा गाडीबाट नउत्री झ्यालबाट लिने मात्र
- ग्यास स्टेसन (Gas stations) हरू
- औषधालयहरू (Pharmacies)
- बैंक, क्रेडिट युनियनहरू र अरू वीत्तिय संस्थाहरू
- अरू अत्यावश्यक व्यवसायहरू

### के के बन्द छन् ?

- एकाघरमा बस्ने मान्छे-मान्छेबाहेक उपस्थित हुने कुनै पनि प्रकारका सार्वजनिक वा व्यक्तिगत भेला
- अत्यावश्यक सेवा वा चिकित्सा-सेवाबाहेकका यात्रा
- कपाल र नङ्ग सजाउने सेलुनहरू
- ट्याटु (Tattoo) बनाउने स्थलहरू
- कसरत र मनोरञ्जनका केन्द्रहरू
- खेल-मैदानहरू

### यो आदेश कहिलेसम्म लागु हुन्छ ?

यो आदेश अप्रिल ११ सम्म लागु गरिएको छ। यद्यपि यो परिस्थितिअनुसार परिवर्तन हुने शर्तमा छ।

**गभर्नरको जनस्वास्थ्य आदेशसम्बन्धी विस्तृत विवरणका लागि २११ मा फोन गर्नुहोस् वा Covid19.Colorado.Gov हेर्नुहोस्**

**तपाईंले आफ्नो भूमिका निर्वाह गर्नुभएकोमा धन्यवाद !**

AURORA

**अद्यावधिक हुन AuroraGov.org/COVID19 हेर्नुहोस्**